# रुपन्देहीको मोतिपुर औद्यौगिक क्षेत्रको जग्गा विषयमा भएको गोली काण्डका सम्बन्धमा गरिएको स्थलगत अध्ययन प्रतिवेदन

मिति २०७८ असोज २४ गते रुपन्देहीको बुटवल नगरपालिका – १७ मोतिपुरमा जग्गाको विषयलाई लिएर प्रहरी र नागरिक बिच भएको झडप र त्यस क्रममा ४ चार जना सर्वसाधारणको मृत्यु सुरक्षाकर्मीको गोली लागेर भएको थियो । यसका साथै प्रदर्शनकारी र सुरक्षाकर्मी बिच भएको झडपमा परी घाइते भएकाहरूको बारेमा सत्यतथ्य बुझ्न विभिन्न मानव अधिकार सङ्घ संस्थाका प्रतिनिधि सम्मिलित टोलीले ०७८ कात्तिक ४ र ५ गते घटनास्थलको स्थलगत अध्ययन भ्रमण गरी प्रतिवेदन तयार पारेको छ ।

भ्रमण मितिः २०७८ कात्तिक ४ र ५

घटना मिति :२०७८ असोज २४ गते

घटना भएको समय : बिहान १० बजे पछि

घटना भएको स्थानः बुटवल उपमहानगरपालिका – १७ रानीगञ्ज (साविकको मोतिपुर गाविस)

अनुगमनमा संलग्न संस्था र पदाधिकारी :

नेपाल बार एशोसिएशन, उपाध्यक्ष : अधिवक्ता सुनिलकुमार श्रेष्ठ

इन्सेक लुम्बिनी प्रदेश, प्रमुख, भोला महत

इन्सेक रुपन्देही प्रतिनिधि,  रीमा बिसी

एडभोकेसी फोरम, प्रदेश संयोजक : बसन्त गौतम र अधिवक्ता इन्द्रिरा आचार्य

राष्ट्रिय मानव अधिकार आयोग,अधिकृत : बसन्त अर्याल र दिपक ठाकुर

मानव अधिकार एलाइन्स, प्रतिनिधिः पोम नारायण पौडेल

नेपाल बार एशोसिएसन रुपन्देही प्रतिनिधि : मंगला पाण्डे

अनुगमनको तरिका। प्रक्रियाः

घटनास्थलको स्थलगत अनुगमन, अवलोकन, घटनाका प्रत्यक्षदर्शी, स्थानीयबासी, घाइते पत्रकार, मृतकका परिवार, घटनामा संलग्नताको आरोपमा गिरफ्तारीमा परेका व्यक्ति, स्थानीय जनप्रतिनिधि, सशस्त्र प्रहरी प्रमुख, नेपाल प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायतका सरोकारवालासँग प्रत्यक्ष भेटघाट तथा तथ्य संङ्कलन,घटनाका सम्बन्धमा प्रकाशित समाचारको अध्ययन र विश्लेषण

घटनाको पृष्ठभुमि :

स्थानीयको विरोधका बिच २०७७ फागुनमा मोतिपुर औद्योगिक क्षेत्रको शिलान्यास गरिएको थियो । शिलान्यास भए पनि त्यहाँ कुनै काम हुन सकेको छैन । सुकुम्बासीको नाममा जग्गा ‘अतिक्रमण’ गरी टहरा बनाउने र प्रहरीले भत्काउने लुकामारी दुई महिना अगाडि देखि चल्दै

आइरहेको थियो । तर,प्रहरी प्रशासनले समय समयमा निषेधित क्षेत्रको रूपमा सूचना जारी गर्दै आएको थियो ।

बुटवल उमनपा–१७ मा रहेको औद्योगिक करिडोर क्षेत्रको नाममा रहेको ८ सय १३ बिगाहा जग्गा मध्ये करिब १ सय ८० बिगाहा जग्गा बुटवल उपमहानगरपालिकास्थित वडा नं. १७, १८ मोतिपुर, शुद्धोधन गाउँपालिका–३ र सियारी गाउँपालिका–७ मा लामो समयदेखि बसोबास गर्दै आएका किसानहरूलाई व्यवस्थापन तथा संरक्षण गरी बाँकी रहेको जग्गामा औद्योगिक क्षेत्र स्थापना गर्ने र जग्गा कम भएमा तिलोत्तमा नपा र सियारीमा रहेको केही खाली जग्गालाई पनि औद्योगिक क्षेत्रमा जोडेर अगाडि बढ्ने भनी सर्वदलीय राजनीतिक संयन्त्र, स्थानीय किसानहरू र सरकारबिच छलफल भएको थियो । स्थानीय किसानहरूले पनि आपूmहरूलाई व्यवस्थापन गरेर मात्र औद्योगिक क्षेत्र निर्माण गर्नुपर्ने माग राख्दै आएका थिए ।

उल्लेखित समस्यालाई तत्कालै व्यवस्थापन गर्ने भनिए पनि त्यसो हुन नसकेको पनि घटना घट्नमा मद्धत पु¥याएको देखिन्छ ।

सरकारले २०७७ फागुन १३ गते मोतिपुर औद्योगिक कोरिडोर शिलान्यास हुने तयारी गरेको थियो । त्यसैबेला सर्वोच्च अदालतले संसद पुनस्र्थापनाको फैसला सुनायो । तत्कालका लागि फागुन १३ गते

शिलान्यास हुने चाल पाएपछि त्यस क्षेत्रका स्थानीयले बुटवलस्थित बुटवल औद्योगिक क्षेत्रको कार्यालयमा पुगेर ११ गते ज्ञापनपत्र बुझाएर आफ्ना माग राखेका थिए । स्थानीयले जोतभोग गरेको जग्गा छाडेर बाँकी जमिनमा कोरिडोरको काम अगाडि बढाउन माग गरेका थिए ।

त्यसपछि फागुन २१ गते मोतिपुर औद्योगिक क्षेत्रको शिलान्यास हुने जानकारी स्थानीयले पाए । जानकारी पाउनासाथ २० गते बिहानै स्थानीयले पत्रकार सम्मेलन गरेर कार्यक्रम रोक्ने चेतावनी दिए । लगत्तै कार्यक्रमस्थल पुगेर मञ्च भत्काए ।

आक्रोशित स्थानीयले मञ्च भत्काएपनि स्थानीय प्रशासनले बल प्रयोग गरेर औद्योगिक क्षेत्र शिलान्यास गर्ने वातावरण मिलाउने जनायो । तत्कालिन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्री लेखराज भट्ट, अर्थमन्त्री विष्णु पौडेल सहभागी शिलान्यास कार्यक्रम अन्ततः स्थानीयको अवरोधका बिच सम्पन्न भयो ।

शिलान्यास हुनुअघि बिहानै देखि स्थानीयले कार्यक्रम स्थल घेरेका थिए । उनीहरूले तत्कालिन अर्थमन्त्री विष्णु पौडेल लक्षित चर्का नाराबाजी लगाएका थिए । पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी रहेपनि स्थानीय आक्रोशित  हुदैँ मञ्चमा जान खोजे । प्रहरीले रोक्दा रोक्दै आक्रोशित भीड कार्यक्रमस्थल जान खोज्दा प्रहरी र स्थानियबिच झडप समेत भएको थियो । सोही क्रममा केही स्थानीय र सुरक्षाकर्मी

घाइते समेत भए । शिलान्यासको अघिल्लो दिनमा मञ्च भत्काएर विरोध गरिएको भएपनि शिलान्यास कार्यक्रम भने सुरक्षा घेरा भित्र सम्पन्न गरिएको थियो । कार्यक्रममा अतिथि बोल्ने क्रममा आक्रोशित भीडले मञ्चमा ढुङ्ग्गामुडढा गर्ने, बिजुलीको लाईन काट्ने गरेपछि बिचमै अर्थमन्त्री विष्णु पौडेलसहित उद्योगमन्त्री लेखराज भट्ट, लुम्बिनी प्रदेशका उद्योग,पर्यटन वन तथा वातावरण मन्त्री लिला गिरी सहितका नेताहरु कार्यक्रम स्थलबाट कडा सुरक्षाका बिच निस्किएका थिए । मञ्चको वरपर लागेको आगो निभाउन तिलोत्तमा नगरपालिका र बुटवल उपमहानगरपालिकाका दुई ओटा दमकल कार्यक्रम स्थलमा ल्याउनु परेको थियो । अध्ययनका क्रममा अर्थमन्त्री पौडेलले अनावरण गरेको शिलालेख आन्दोलनकारीले एक घण्टा नबित्दै भत्काईदिएको पाइयो ।

घटनाको विषयलाई लिएर त्यतिबेला हालका गृहमन्त्री नेपाली कांग्रेसका नेता बालकृष्ण खाँडले ‘स्थानीयले अपनत्व नलिएको विकासले गति नलिने’ बताउनु भएको थियो । मोतिपुर औद्योगिक क्षेत्रमा भएको तनावग्रस्त परिस्थितिको विषयमा विज्ञप्ति जारी गर्दै खाँडले सो कुरा बताउनु भएको थियो । रुपन्देही जिल्लामा औद्योगिक कोरिडोर निर्माण गर्ने चाहना रुपन्देहीवासी सबैको भएको भन्दै नेता खाँडले जनताले अपनत्व नलिने विकास जनताका लागि नहुने बताउनु भएको थियो । विकासका काममा जबर्जस्ती गर्न नहुने उहाँले विज्ञप्ति मार्फत आफ्ना धारणा सार्वजनिक गर्नुभएको थियो । बुटवल उपमहानगरपालिकास्थित वडा नं. १७ र १८ मोतिपुर, शुद्धोधन गाउँपालिका–३ र सियारी

गाउँपालिका –७ मा लामो समयदेखि बसोवास गर्दै आएका किसानहरूलाई लालपुर्जा दिनुपर्ने ठाउँमा जबर्जस्ती त्यहाँका जनताको सहमति विपरीत मोतिपुर औद्योगिक कोरिडोर शिलान्यास गर्ने कार्यप्रति उहाँको बिमति रहेको पाइयो । नेता खाँडले मोतिपुर,शुद्धोधन र सियारीका जनताको उचित व्यवस्थापन र मागलाई सम्बोधन गरी विकास कार्य अगाडि बढाउन सरकारसँग माग समेत गर्नु भएको थियो । सोही घटनाका सम्बन्धमा तत्कालिन नेकपाका नेता घनश्याम भुसालले आफू जनताको पक्षमा रहेको विज्ञप्ति मार्फत बताउनु भएको थियो ।

घटनाक्रमः

औद्योगिक कोरिडोरका लागि तत्कालिन अर्थमन्त्रीविष्णु पौडेलले ०७७ फागुनमा मोतिपुर औद्योगिक क्षेत्रको शिलान्यास गर्नु भएको थियो । उद्घाटन गरेदेखि नै सुकुम्बासीको नाममा जग्गा ‘अतिक्रमण’ गर्ने कार्य भइरहेको पाईयो । विभिन्न जिल्लाबाट आएका व्यक्तिहरूले रसी(डोरी), पाल, त्रिपाल टाँगेर दिनभर जग्गा कब्जा गर्ने साँझपख प्रहरी आएर भत्काउने नियमित कार्य जस्तै बनेको पाइयो ।

सकुम्बासीको नाममा जग्गा अतिक्रमका लागि विभिन्न जिल्लाबाट नागरिकहरू आउने क्रम बढिरहेको र घटनाको दिन पनि हजारौँको

सङ्ख्यामा विभिन्न जिल्लाबाट व्यक्तिहरू आएको कुरा स्थानीयबासीहरूको भनाई रहेको छ । बाहिरबाट आउने व्यक्तिहरू त्यसदिन सुरक्षाकर्मीहरूसँग जाईलाग्ने गरी तयारीका साथ आएको अध्ययनका क्रममा पाइयो । तर, घरेलु हातहतियारसहित आएकाहरूका बारेमा सुरक्षा निकायलाई जानकारी भएको पाइएन । घरेलु हातहतियार, पेट्रोल बमसहित उपस्थित भएकाहरूका बारेमा प्रहरीहरूसँग प्रभावकारी सूचना नहुँदा प्रहरीलाई भीड नियन्त्रण र व्यवस्थापन गर्न कठिन भएको पाइयो । घटनास्थलमा एक्कासी हजारौँकोे सङ्ख्यामा मानिसहरू भेला हुने र दोहोरो झडप हुने क्रम बढे पछि भीड नियन्त्रण गर्न नसकी प्रहरीले गोली चलाएको बुझिन्छ ।

घटना विवरण :

मोतिपुर औद्योगिक क्षेत्र ८ सय १३ बिगाहा क्षेत्रफलमा फैलिएको छ ।जसलाई सरकारले औद्योगिक करिडोरकोरूपमा विकास गर्न खोजेको हुँदा त्यसको तयारी स्वरुप २०७७ साल फागुन २१ गते तत्कालिन अर्थमन्त्री विष्णु पौडेलले मोतिपुर औद्योगिक क्षेत्रको शिलान्यास गर्नु भएको थियो ।

मोतिपुरमा दुई महिना देखि नागरिकहरू जग्गा ‘अतिक्रमण’ गर्नका लागि दिनमा आउने त्रिपाल टाँग्ने र डोरीले जग्गा छुट्याई छाप्रा बनाएर बस्ने गरेका थिए । २५/२५ जनाको समूह बनाउने, २५ जनाको एक जना

नेता तोक्ने र दिनमा आएर जग्गा कब्जा गर्ने गरेको अनुगमनबाट थाहा भयो । जग्गाका लागि आएकाहरू नमूना एकिकृत मुल समितिको नाममा सङ्गठित भएको रूखमा टाँगेको पोष्टरबाट समेत अवगत भयो ।

कोरोना सङ्क्रमणका कारण लगाइएका निषेधाज्ञा र लकडाउन खुलेसँगै जग्गाका लागि विभिन्न जिल्लाबाट आएका व्यक्तिहरूले मोतिपुर क्षेत्रमा डोरी, त्रिपाल  टाँगेर दिनभर जग्गा 'कब्जा' गर्ने कार्यको सुरुवात गर्न थाले । दिन प्रतिदिन जग्गा अतिक्रमणका लागि व्यक्तिहरू आउने क्रमको बढोत्तरी हुँदै गयो । दिनभर जग्गा 'कब्जा' गरी बस्ने र साँझपख प्रहरी आएरटहरा, त्रिपाल लगायतका निर्माण गरिएका अस्थायी संरचना,भत्काउने कार्य भइरह्यो । एक जनाले ५ धुरको दरले 'कब्जा' गरेको स्थानीय बासिन्दाबाट जानकारी भएपनि जिल्ला प्रशासन कार्यालयले निषेधित क्षेत्र घोषणा गरे पछि त्यसको कार्यान्वयन हुन सकेन ।

घटनाको दिन (२०७८ असोज २४ गते) बिहानैदेखि विभिन्न जिल्लाबाट सवारी साधनमा आएका नागरिकहरू मोतिपुर क्षेत्रमा जम्मा हुने क्रम सुरु भयो । घटनाको अनुगमनबाट प्राप्त तथ्य अनुसार ठूलो सङ्ख्यामा जम्मा भएका नागरिकहरूले जग्गा अतिक्रमण गरी बस्ने र प्रहरीले उनीहरूलाई हटाउने क्रममा भिडन्तको स्थिति उत्पन्न भएको पाइयो ।

प्रहरीले जग्गा अतिक्रमणकारीहरूलाई हटाउन खोज्दा ठुलो संङ्ख्यामा उपस्थित भीडले प्रहरी माथि ढुङ्गा प्रहार गर्ने कार्य भएको र प्रहरीले पनि लाठी प्रयोग गरीभीडलाई तितरबितर गरेको पाइयो । तर, सोही क्रममा प्रहरीले रक्षा कवचको रूपमा प्रयोग गर्ने गरेको प्लाष्टिकको ढाललाई अनियन्त्रित भीडले ढुङ्गा प्रहार गरी फुटाइदिएको र वियरका बोतलमा बनाइएको पेट्रोल बम सुरक्षाकर्मीहरूलाई लक्षित गरीप्रहार गर्ने कार्यले प्रहरी भिड नियन्त्रण गर्न असफल भएको पाईयो ।

हजारौँको संख्यामा आएका मानिसहरूको भीडलाई नियन्त्रण गर्न नसक्दा र जग्गा कब्जा गर्ने व्यक्तिहरू पनि घरेलु हातहतियारसहित प्रहरीमाथि जाइलाग्दा सुरक्षाकर्मीहरूले गोली चलाएको पाइयो । सुरक्षाकर्मीहरूको गोली प्रहारबाट चारजनाकोमृत्यु भएको, १८ जना सर्वसाधारण र ५२ जना सुरक्षाकर्मी घाइते भएका थिए । घटनास्थलमा सशस्त्र प्रहरी बलले बोक्ने एसएलआरको गोली बरामद भएकाले सशस्त्र प्रहरीका तर्फबाट गोली प्रहार भएको बुझियो ।

सुरक्षाकर्मीले लाठी चार्ज र अश्रुश्यास प्रहार गर्दा पनि भीड नियन्त्रण र अवरोध हटाउन नसकेपछि आत्मरक्षाका लागि बाध्य भई आफूहरूले गोली प्रहार गरेको जनाएको छ । सो घटनामा सुरक्षाकर्मीहरूले आफ्नो आत्मरक्षाका लागि गोली चलाउनु पर्ने स्थिति थियो वा थिएन भन्नेबारेमा

एक उच्चस्तरीय प्राविधिक टोलीमार्फत यकिन गर्नुपर्ने आवश्यकता छ ।

घटनाका सम्बन्धमा पाईएका तथ्यहरू :

- स्थानीयको विरोधका बिच २०७७ फागुनमा शिलान्यास भएपनि मोतिपुर औद्योगिक क्षेत्रमा उल्लेख्य काम हुन सकेको थिएन । लकडाउन खुलेपछि सुकुम्बासीको नाममा जग्गा ‘अतिक्रमण’ गरी अस्थायी टहरा बनाउने र कोही नभएको बेला प्रहरीले भत्काउने कार्य चल्दै आएको थियो । तर, प्रशासनले समय समयमा निषेधित क्षेत्रको रूपमा घोषणा गरेपनि ‘सुकुम्बासी’हरूको उपस्थिति हुन नदिन सुरक्षा निकाय सफल हुन सकेको देखिएन ।
- घटनाको पुर्वानुमान गरी समयमै त्यसको उचित व्यवस्थापन गर्न नसक्दा घटनाले हिंसात्मक रुप लिन गएको पाईयो । अन्तत चार जना नागरिकले ज्यान गुमाउनु प¥यो भने ७० जनाभन्दा बढी घाइते भए । लामो समयदेखि मोतिपुर औद्यौगिक क्षेत्रको जग्गाका बारेमा ‘अतिक्रमण’कारी र स्थानीय सरकारबिच द्वन्द्व भएपनि राजनीतिक दल,स्थानीय जनप्रतिनिधिहरूका बिच प्रभावकारी समन्वय, सहकार्य नभइदिँदा दुखःद् घटना हुन पुगेको देखियो ।
- समस्या समाधानमा तत्काल सुरक्षाकर्मीहरू बिच समन्वय हुन सकेको देखिँदैन । रुपन्देही प्रशासनले सुरक्षाकर्मीको गोली लागेर चार

जनाको मृत्यपछि मात्रै सर्वदलीय बैठक बसेको पाईयो । उक्त बैठकले 'मोतिपुर औद्योगिक क्षेत्रको जग्गा अतिक्रमणमा संलग्न रहेका र प्रदर्शनमा सहभागी भएका सम्पूर्णलाई संयमता अपनाउन र विभिन्न अफवाहको पछाडि नलाग्न तथा शान्ति सुरक्षा कायम गर्दै सामाजिक सद्भाव स्थापनामा सहयोग गर्न आग्रह गर्ने' निर्णय गरेको पाइयो ।

- स्थानीय प्रशासन ऐन, २०२८ ले भीड नियन्त्रणका लागि प्रशासनले सुरुमा नेपाल प्रहरीलाई प्रयोग गर्नुपर्ने भनेको छ । प्रहरीले नियन्त्रणमा लिन नसके सम्बन्धित ठाउँमा आफै गएर वा मातहतका अधिकृतलाई पठाएर सम्झाएर शान्ति कायम गराउन सकिने ब्यवस्था गरेको छ । कानुनत : छलफलबाट समस्याको समाधान ननिस्किए प्रहरीको मद्दतमा लाठीचार्ज, अश्रुग्याँस, फोहोरा र हवाइफायर गर्नसकिने छ । साथैस्थानीय प्रशासन ऐनले शान्ति सुरक्षा कायम हुनसक्ने अन्तिम विकल्पमा मात्रै गोली चलाउनुपर्न सक्ने परिकल्पना गरेको छ । तर, त्यस्तो अवस्थामा भीडलाई नहटे गोली चलाइनेछ भनेर स्पष्टसँग भीडले बुझ्ने गरी चेतावनी दिनुपर्ने भनेको छ ।गोली चलाउनै पर्ने स्थितिमा पनि घुँडामुनि पर्ने गरी चलाउनका लागि आदेश दिनुपर्ने हुन्छ । तर, मृत्यु हुनेहरूको टाउको र छातीमा गोली लागेको पाइयो ।

- घटनास्थल नजिकै रहेको एक घरको झण्डै १० फिट माथि घरको भित्तामा गोलीको चोट देखिनुले पनि अन्धाधुन्ध गोली चलेको हुनसक्ने अनुमान गर्न सकिन्छ । अनियन्त्रित भीडले सुरक्षाकर्मीलाई घटनास्थलको नजिकै रहेको नदी÷खोलाको बगरमा सहजरूपमा पाइने ढुङ्गा सङ्कलन गरी प्रहार गर्नुका साथै पेट्रोल बम समेत प्रहार गरेको र

त्यसलाई नियन्त्रण गर्न नसकेका सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा चार जनाको मृत्यु भएको घटनाक्रमले देखाएको छ ।

- चार जनाको मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले स्थितिलाई नियन्त्रणमा लिन कर्फ्यू आदेश जारी गरेको पाइयो । असोज २४ गते ४ बजेदेखि लागू हुने गरी पूर्वमा तिनाउ नदी, पश्चिममा हरिहरपुरको खेती योग्य जमिन, उत्तरमा शिवनगर रानीगञ्ज वस्ती र दक्षिणमा बुटवल उपमहानगरपालिका–१८ औद्योगिक कोरिडोरको जमिन रहेको भागसम्म लागू हुने गरी कर्फ्यू लगाइएको जिल्ला प्रशासन कार्यालय रुपन्देहीको सूचनामा उल्लेख छ ।

- अतिक्रमित जग्गाबाट स्थानीयलाई हटाउन खोज्दा सुरक्षाकर्मीमाथि ढुङ्गामुढा र पेट्रोल बम प्रहार भएको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीको दावी छ । ठूलो सङ्ख्यामा प्रदर्शनकारी जम्मा भएर सुरक्षाकर्मीमाथि ढुङ्गामुढा र पेट्रोल बम हानेपछि बाध्य भएर गोली चलाउनु परेको प्रमुख जिल्ला अधिकारीले अनुगमन टोलीलाई बताउनु भएको छ । हाल मोतिपुर क्षेत्रमा कफ्र्यू हटेपनि निषेधाज्ञा कायम राखिएको पाइयो ।

- मोतिपुर औद्योगिक क्षेत्रमा हाल सशस्त्र प्रहरीका सुरक्षा फौज तैनाथ गरिएको छ । यस घटनामा जग्गा अतिक्रमण गर्न आएका व्यक्तिहरूले सयौँभन्दा बढी पेट्रोल बम तयारी पारी प्रहरीमाथि हातहतियार सहित आक्रमणका लागि तयार पारिएको दावी सुरक्षाकर्मीले गरेको छ । अनुगमनका क्रममा पनि टोलीले पेट्रोल बम बनाएका खाली बोतलका सिसिहरू भेटाएको थियो ।

- मिति २०७८ असोज २४ गते मोतिपुरको घटनामा प्रत्यक्ष संलग्नताको आरोपमा प्रहरीले साविर अलि मुसलमानलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बुटवलको हिरासतमा राखेको पाइयो । मुसलमानलाई सरकारी जग्गा अतिक्रमणको लागि मानिसहरूलाई उक्साउने, टोली गठन गर्ने, जग्गा बाँडफाँंड गर्ने, समिति गठन गरी अध्यक्षता ग्रहण गर्ने, व्यानर निर्माण गर्ने, माइन्युट तयार गर्ने जस्ता कार्यको नेतृत्व गर्दै आएको भन्दै २०७८ कात्तिक १ गते रातिगिरफ्तार गरी सार्वजनिक शान्ति विरुद्धको कसूरमा म्याद थप गरी हिरासतमा राखिएको पाईयो ।

- साथै साविर अलि मुसलमानको डेरा कोठामा तीन थान व्यानर, माइन्युटको प्रतिलिपी, टोली गठन गरेको सम्पर्क नम्बर सहितको नामावली उल्लेख भएको कागजातहरू १३ थान, बस्ती विकासको सहयोग रसिद दुई थान फेला परेको प्रहरीले जनायो ।

प्रत्यक्षदर्शीको भनाइः

- हरि भुसाल, ५५

बुटवल उमनपा–१७रानीगञ्ज

यो क्षेत्रमा विगत १०÷१५ दिन अगाडिदेखि बढी मात्रामा जग्गा अतिक्रमणका लागि मानिसहरू आउने जाने गरिरहेका थिए । यहाँ मानिसहरू सवारी साधन बस, टेम्पो, अटो रिक्सा लिएर आउँथे । यहाँ दिउँसोको समयमा मेला लागे जस्तै हुन्थ्यो । घटनाको दिन पनि ठुलो

संख्यामा व्यक्तिहरू जम्मा भएका र प्रहरीहरूले नागरिकलाई जग्गाबाट हटाउन खोज्दा झडप भएको हो । प्रहरी माथी स्थानीयले ढुङ्गामुढा गर्ने, पेट्रोल बम हान्ने गरेकाले प्रहरीले गोली चलाएको हो ।

- गोमा पुरी, २९

बुटवल उमनपा–१७ रानीगञ्ज

असोज २४ गते घटनास्थलमा कमिला जत्तिकै मानिसहरूजम्मा भएका थिए । जग्गा ‘अतिक्रमण’मा आएका नागरिक र प्रहरी बिचमा मध्यान्ह १२ बजेपछि झडपको स्थिति सिर्जना भएको थियो । प्रदर्शनकारीले ढुङ्गा प्रहार गर्ने, पेट्रोल बम प्रहार गर्ने र प्रहरीले अश्रुग्यास छाड्ने गरेको थियो । घटनाले उग्र रूप लिँदै गएपछि प्रहरीले गोली चलाएको थियो ।

- सन्तराम थारु, ३४

बुटवल उमनपा–१७ रानीगञ्ज

लकडाउन खुलेपछि नै अन्यत्रका नागरिकहरू जग्गा अतिक्रमणका लागि यहाँ आउन थालेका थिए । यहाँ दिउँसोमा प्रदर्शनी मेला जस्तै हुन्थ्यो । जग्गा पाइन्छ भन्ने हल्ला फैलाएकाले बाहिरी जिल्लाबाट गाडी रिजर्भ गरेर मान्छेहरूयहाँ आएका थिए । घटनाको दिन दिउँसो ढुङ्गामुढा भयो । गोली चल्यो । प्रदर्शनकारीले प्रहरीलाई ढुङ्गा हान्ने, पट्रोल बम हान्ने गरेपछि प्रहरीले गोली चलायो ।

-	लोकेन्द्र महतो, ४२

बुटवल उमनपा–१७ रानीगञ्ज

जग्गा ‘अतिक्रमण’ गर्न आएकाहरू स्थानीय भन्दा पनि बाहिरी मान्छे हुन् । उनीहरू दिनभरी त्रिपाल, डोरीले जग्गा कब्जा गर्ने र रातिफिर्ता हुने गर्दथे । साँझको ५ बजेतिर प्रहरी आएर टहरा त्रिपाल भत्काई दिने गर्दथे । घटनाको दिन ठूलो सङ्ख्यामा मान्छेहरू आएको र जग्गा ‘अतिक्रमण’ गर्न आएकाले प्रहरीले हटाउन खोज्दाउनीहरूले ढुङ्गामुढा र पेट्रोल बम प्रहार गरेकाले झडपको स्थिति सिर्जना भएको हो ।

प्रहरीको गोली लागेर मृत्यु भएकाहरू विवरण

क्र.स.	मृतकको नाम	उमेर	पेसा	ठेगाना	विवरण

१	वीरेन्द्रप्रसाद कुर्मी

३८	जिप्सनको काम गर्ने	सुद्धोधन गाउँपालिका–५ सित्तलपाटी	सामान लिन जादा बाटोमा प्रहरीको गोली लागी मृत्यु भएको परिवारको दावी

२	युजन कुमाल	३८	नवलपरासी बर्दघाट स्थायी घर भइ हाल तिलोत्तमा नगरपालिका शङ्करनगर बस्ने

३ रमेश परियार

४८ कपिलवस्तु वाणङ्‌गा नगरपालिका– १०

४ केशनारायण केवट ४२ नवलपरासी पश्चिम जिल्ला सरावल गाउँपालिका–३

घाइतेहरूको विवरण

क्र.स नाम ठेगाना उमेर जातजाति कैफियत

१ विष्णु परियार नवलपरासी पश्चिम, बर्दघाट नपा–६ ३० द्यलित

२ सन्तोष बिक रुपन्देही, सैनामैना नपा–८ ३२ द्यलित

३ समिर थापा पाल्पा तिनाउ गा.पा. २ १९ ज्नजाति कुर्कुचामा गोली लागेको

४ टुकबहादुर बुढाप्रिती रुपन्देही, बुटवल उमनपा–१३ ३४ द्यलित

५ त्रिचन्द्र कुर्मी रुपन्देही, बुटवल उमनपा–१३ ५२ मधेशी

६ मेघराज कुमाल अर्घाखाची बलकोट गा.पा. २ २४ आदीवासी

७ मेघ ब रोक्का क्षेत्री दाङ साविक हापुर गा.बि.स.०१ ३१ क्षेत्री

८ विजय सहानी, नवलपरासी पश्चिम बर्दघाट न.पा. ४ २३ मधेसी

९ ज्ञान बहादुर गुरुङ, रुपन्देही बुटवल उ.म.न.पा.१७ ६२ ज्नजाति

१० मनरुमा झा रुपन्देही ओमसतीया गा.पा.३ ६३ मधेसी महिला

११ सुजन थापा रुपन्देही बुटवल उ.म.न.पा.११ २२ ज्नजाति

१२ सुजन परियार रुपन्देही बुटवल उ.म.न.पा.२ ३४ द्यलित

१३ भीम बहादुर सार्कि पाल्पा रिब्दीकोट गा.पा. २ ४३ द्यलित

१४ जंग ब. परियार गुल्मी३२ द्यलित

१५ गंभिर सिह डिसा पाल्पा ३५ ज्नजाति

१६ सर्बेस केवट न.प. पश्चिम प्रतापुर गा.पा.–६ २२ मधेसी

१७ प्रेम कामी पाल्पा तानसेन न.पा. १ ३८ द्यलित

१८ दिनेश ज्ञवाली तिलोत्तमा न.पा.४ डिंगरनगर २८ वाहुन पत्रकार

मृतक वीरेन्द्र कुर्मीका ७८ वर्षीय बुबा तुफानी कुर्मी :

घटनाको दिन असोज २४ गते छोरा सामान लिन भनी बुटवल हिँडेको थियो । बुटवल पत्थरगञ्जमा सामान लिन जाने क्रममा बाटोमा प्रहरीको गोली लागी मत्यु भयो । प्रहरीले छाडेको अश्रुग्यासका कारण साईकलमा रहेको छोरो पल्टियो । छोरो लडेपछि प्रहरीले लाठीले हान्यो । कम्मरमा गोली हान्यो । अर्को पटक छातीमा गोली हानी हत्या ग¥यो । छोरा जग्गा कब्जा गर्न त्यहाँ गएको होइन ।

अनुगमनका क्रममा टोलीले मृतक वीरेन्द्र कुर्मीका परिवारसँग घटनाका बारेमा बुभ्mदै

मृतक वीरेन्द्र कुर्मी आतंककारी होइन । जग्गा 'अतिक्रमण' गर्न गएको होइन । काममा जाँदा बाटोमा प्रहरीको गोली लागी मृत्यु भएको हो । घटनाको निष्पक्ष छानविन हुनु पर्दछ । दोषीलाई कारवाही हुनु पर्दछ । सरकारले श्रीमतीलाई रोजगारी र बालबच्चाको शिक्षादिक्षाको व्यवस्था मिलाउनु पर्दछ । घटनाको बारेमा राष्ट्रिय मानव अधिकार आयोगमा सुरेन्द्र कुर्मीको नामबाट उजुरी दिएका छौँ ।

मृतक वीरेन्द्रकी बैनी रवडी कुर्मी :

प्रहरीले झ्याम झ्यामती गोली हानेर हत्या ग¥यो । दाइको मृत्यु भए पश्चात टाउको पुरै गिलो भएको थियो ।

मृतक वीरेन्द्रका भाइ सुरेन्द्र कुर्मी :

असोज २४ गते मध्यान्ह १२ बजेसम्म दाइवीरेन्द्रको मोवाइलमा सम्पर्कभएको र त्यसपछि मोवाइल स्वीच अफ भएको थियो ।

घटनाको राति भिडियोमा घटनामा परेको भन्ने जानकारी भयो । न्यूज २४ को समाचारमा पनि घटनाको दृश्य देखेपछि दाइको खोज गर्न गएको उहाँले बताउनु भयो । तर, सो दिन कहाँ राखेको छ भन्ने बारेमा पत्ता लगाउन सकिएन । घटनाको राति बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताल गयौँ । त्यहाँ गुल्मी ठेगाना राखी वीरेन्द्र कुर्मीको रेकर्ड राखेको पाइयो । त्यहाँको अस्पताल प्रशासनले ५ बजेतिर युनिभर्सल मेडिकल कलेजमा लगेको जानकारी गरायो । उक्त स्थानमा जाँदा माथिको आदेश नआउँदासम्म देखाउन मिल्दैन भन्यो । खोजखबरका लागि गएका छिमेकी आशिष सिंह हरिजन, मृतकका दाइ विपिन कुर्मी र म बिहान ३ बजे घर फर्कियौँ । असोज २५ गते सोमबार बिहान अस्पतालमा जाँदा बल्ल मृतक परिवारलाई कागज गराई शव दिइएको मृतकका परिवारको भनाइ छ ।

राहत तथा सहयोगः क्रियाखर्चबापत जिल्ला प्रशासन कार्यालयले ५० हजार रुपियाँ दिएको छ ।

मृतक बीरेन्द्रकी श्रीमती कलावती कुर्मी, २८ लेश्रीमान बीरेन्द्रको मृत्युको घटनाका बारेमा अनुगमन टोलीसँग बोल्न सक्नु भएन । उहाँका एक छोरी र दुईछोरा रहेका छन् । छोरी अपाङ्ग छन् । जेठो छोरो उदयराज कुर्मी नौ वर्ष, छोरी कोमलराज्य लक्ष्मी कुर्मी ६ वर्ष र कान्छो छोरा शिवराज चार वर्षका छन् ।

लुम्बिनी टेलिभिजन र बुटवल एफएममा आवद्ध पत्रकार दिनेश ज्ञवाली, २७ (घाइते), तिलोत्तमा नगरपालिका–४ विष्णुपुर

२०७८असोज २४ गते बिहान ११ बजेतिर मोतिपुरमा गोली चलेको र पत्रकार सुरेश परियारलाई प्रहरीबाट दुव्र्यवहार भएको भनी सामाजिक सञ्जालहरूमा समाचार आएपछि रिपोर्टिङका लागि म लगायत पत्रकार साथीहरू विष्णु घिमिरे, विकास पराजुली, कृष्ण पाण्डे, शिव डुम्रे र भगवती पाण्डे घटनास्थलतर्फ लाग्यौँ । पुलबाट बाटो ब्लक थियो ।पुल वारीपारि ठूलो सङ्ख्यामा व्यक्तिहरू जम्मा भएका थिए । पुल नजिकैबाट सवारी साधनमा जान सक्ने स्थिति नभएकाले हिँडेर अगाडि बढ्यौँ। घटनास्थलमा जाँदा प्रदर्शनकारीले फोटो भिडियो खिच्न रोके । बस्ती बसेको ठाउँबाट प्रहरीले गोली चलाएको थियो । प्रदर्शनकारीले प्रहरी तिर आक्रमण गरेका थिए । एक महिला प्रहरीसहित चार प्रहरीलाई प्रदर्शनकारीले चार घण्टा नियन्त्रणमा लिएको खबर सुनियो । हामी घरको छतमा जान खोज्यौँ तर सकेनौँ । भीडले वियरका सिसीमा पेट्रोल बम बनाई प्रहरीलाई हानेको देखियो ।

घटनास्थलमा “गोली चल्यो, मान्छे मरी सक्यो, पत्रकारले के हेरेको ? समाचार लेखेन” भनेर प्रदर्शनकारी कराइरहेका थिए । हामी घटनाको निरीक्षण गर्दै जङ्गलतिर लाग्यौँ । प्रदर्शनकारी टहरा बनाई पालले टेण्ट बनाएर जग्गा कब्जा गरेर बसेका रहेछन् । जग्गा कब्जा गर्नेहरू १८ देखि ४० वर्ष उमेर समूहका ज्यादा थिए । पुर्व गल्लीमा सुरक्षाकर्मीहरू ज्यादा थिए ।

भीडका कारण हामी पत्रकारहरू घटनास्थलमा एकै ठाउँमा हुन सकेनौँ । जग्गा कब्जा गर्न आएका र प्रहरीबिच आमनेसामने भिडन्त भइरहेको थियो । गल्लीमा प्रहरीहरू पनि टन्नै थिए । सुरक्षाकर्मीले जग्गा अतिक्रमण नगरी त्यहाँबाट हट्न आदेश दिँदा प्रदर्शनकारीले ढुङ्गामुढा गर्ने, पेट्रोल बमले हान्ने गरेका थिए । पहिले गोली चलेको थिएन । प्रहरीले १२ः३० बजेपछि गोली चलाएको थियो ।

दिउँसोको ३ः३० बजेतिर मलाई प्रदर्शनकारीले कुटपिट गरे । मैले भिडियो खिचेका बेला २० जना जतिको समूह आएर एक जनाले ‘लल यसले भिडियो गरेको छ । तुरुन्त डिलिट गर, भिडियो गरेर के भयो ?’ भन्न थाले । एक्कासी मलाई लाठी मुक्काले पिट्न थाले । केहीले लात्तीले पनि हाने । उनीहरूको कुटाईले म लडँे । सोही क्रममा मेरो सामसुङ र आईफोन मोवाइल लुटेर लगे । मेरो शरीरभरी कुटपिट गरे । टाउकोमा हिर्काए । जसका कारण शरीरभरी निलडाम प¥यो । टाउकोमा बायाँपट्टी चोट लाग्यो । उपचारका क्रममा तीन ओटा टाँका लगाउनु परेको छ । केके ले कतिबेर कसरी हाने म कुटाइका कारण थाहापाउन नसक्ने अवस्थामा पुगेको थिएँ । कुटाई खाए पश्चात ‘जग्गा कब्जा गर्न आएका’एक प्रदर्शनकारी र पत्रकार कृष्ण पाण्डेले मलाई उपचारका लागि लुम्बीनी अस्पतालमा लगे । शरीरभरी निलडाम छ । ठूलो भाग्यले बाँच्न सफल भएँ । जग्गाका लागि आएकाहरूले प्रहरी र अन्य केही मान्छे मार्ने योजना थियो रे भन्ने सुनेको थिएँ ।

पत्रकारले मोतिपुरमा औद्योगिक कोरिडोर बनाउनु पर्दछ । त्यहाँको जग्गा अतिक्रमण हुन दिनु हुँदैन भन्ने हिसावले समाचार सम्प्रेषण गरेको हुनाले जग्गा कब्जा गर्न आएकाहरू पत्रकारसँग रिसाएका थिए । उनीहरूले सुरक्षित यात्रा नेपालको एम्बुलेन्स पनि तोडफोड गरे । प्रहरीले २ सय पेट्रोल बम र लाठी बरामद गरेको छ । गोली नचलेको भए टिकापुर काण्ड जस्तै हुन्थ्यो । गोली जङ्गल तिर चलेको हो । आक्रमणको बेला पत्रकार म मात्रै थिएँ । पत्रकार आयो भनेर मलाई ढुङ्गा र लाठीले हाने ।

औद्योगिक करिडोर बनाउनका लागि एमाले नेता विष्णु पौडेलले उद्घाटन गर्न आउँदा पनि आक्रमण भएको थियो । पछि यस घटनाको विषयमा घनश्याम भुसाल, कांग्रेस नेता बालकृष्ण खाँणले विज्ञप्ति पनि निकालेका थिए ।

जग्गा कब्जा गर्न आएकाहरू रसी, पाल लगाएरदुई महिना अगाडि देखि दिउँसो मात्रै बस्ने गरेका थिए । जग्गा कब्जा गर्नका लागि पाल्पा, अर्घाखाँची, कपिलवस्तु, स्याङ्जा, गुल्मी, लमजुङ लगायतका जिल्लाबाट मान्छे आएका थिए । उनीहरूले २८ जनाको समूह बनाउने र त्यसमा एक जनालाई टोली नेता बनाउने गरेका थिए ।

घटनामा संलग्नताको आरोपमा गिरफ्तारीमा परी हाल इलाका प्रहरी कार्यालय बुटवलको हिरासतमा रहेका जिल्ला कपिलवस्तु सुशोद्धन

नगरपालिका–६ बासखोर स्थायी घर भई हाल बुटवल उपमहानगरपालिका–११ होराइजन स्कूल नजिक बस्ने मोटरसाइकल रिकण्डिसनको काम गर्ने ४४ वर्षीय साबिर अली :

म जग्गा पाउने आशाले ४/५ दिनसम्म लगातार मोतिपुरमा गएको थिएँ । तर, घटना हुने दिनमा गएको थिइन् । प्रहरीलाई आक्रमण गर्ने कार्यमा म संलग्न छैन । सानो घडेरी पाउँछु कि भनी त्यहाँ गएको हो । अरु सबैले जग्गा कब्जा गरेकाले मैले पनि ४/५ धुर जग्गा पाउँछु कि भनेर गएको थिएँ ।

मलाई७/८ जनाको समूहमा आएका प्रहरीले मेरै डेराबाट मिति ०७८ कात्तिक १ गने राति १२ बजे गिरफ्तार गरेका हुन । प्रहरीले सार्वजनिक शान्तिविरुद्धको कसुरको आरोपमागिरफ्तार गरेको भनी पुर्जी दिएको छ । सोही मुद्दामा कात्तिक १ गतेबाट लागु हुने गरी जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट म्याद थप भएको छ । मेरो घरका कोहीसँग सम्पर्क भएको छैन । म आफैँले नचाहेर गिरफ्तार भएको बारेमा परिवारलाई जानकारी नदिएको हो । प्रहरीबाट कुटपिट दुव्र्यवहार केही भएको छैन । खानपिन राम्रै दिएका छन् ।

इलाका प्रहरी कार्यालय, बुटवल, रुपन्देहीका इन्स्पेक्टर पङ्कज कुमार चुदालीः

घटनामा संलग्नताको आरोपमा साबिर अलीलाई गिरफ्तार गरिएको हो । घटनाको अनुसन्धान हुदैछ ।

बुटवल उपमहानगरपालिकाका मेयर शिवराज सुवेदी :

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको ८ सय १३ बिगाहा जग्गालाई आवासीय क्षेत्र राखेर डिपिआर बनाउने भनेका छौँ । अर्को ठाउँमा जग्गाको लालपुर्जा नभएका सुकुम्बासीको यथोचित व्यवस्थापन गर्ने कुरा भएको हो ।

म आफु बिरामी भएकोले मोतिपुरमा गोली चलेको कुरा एबिसीको पत्रकारबाट थाहा पाएको हो । दुई/तीन महिनादेखि जग्गा अतिक्रमण गर्न आउने जाने क्रम चलेकोमा समयमै वस्तुस्थितिको यकिन गर्न नसक्नु कमजोरी हो । आन्दोलनकारीको अवस्थालाई समयमै चिन्न नसक्नु खुबिया एजन्सीको कमजोरी हो । हामीले पनि अत्तिक्रमण रोक्न नगरप्रहरी पठाएका थियौँ तर अतिक्रमणकारी ठूलो सङ्ख्यामा रहेका कारण नगर प्रहरीबाट नसकेपछि प्रशासनलाई जानकारी गराएका हाँै ।

घटना हुनुमा राजनीतिक घटनाक्रमले पनि धेरथोर असर पारेको छ । पार्टीविभाजन र अन्य राजनीतिक घटना क्रमकै बेलामा घटना भयो । भुमिसम्बन्धी आयोग विघटन भएको समयमा आन्दोलनका माध्यामबाट

दबाब दिई छुटेकालाई थप्ने उद्देश्यले पनि आन्दोलन भएको हुन सक्दछ । सरकारी जग्गा अतिक्रमण गर्नु राम्रो होईन ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीः

मोतिपुर क्षेत्र औद्योगिक क्षेत्रका लागी शिलान्यास भएको स्थान हो । दुई महिनादेखि त्यहाँ बाहिरका मान्छेहरू जग्गा अतिक्रमण गर्न आउने क्रम रहेछ । लकडाउन खुलेपछि सङ्गठित रुपमा अतिक्रमण गरेको हो कि भन्ने लागेको छ । प्रशासनका तर्फबाट उनीहरूलाई सम्झाउने बुझाउने माइकिङ गर्ने कार्य सकेसम्म गरेका थियौँ । छाप्रा हटाउने कार्य पनि भएको थियो । भदौको २८ गतेबाट उक्त क्षेत्रलाई निषेधित क्षेत्र समेत तोकेका थियाँै ।

घटस्थापनाको दिन पनि अतिक्रमण गरिएको जग्गा खाली गराइएको थियो । घटना दिन ९/१० बजेसम्म स्थिति सामान्य थियो । १० बजेपछि जमघट बढ्न थाल्यो । चारओटा प्रवेशद्वारबाट मानिसहरू आउन थाले । हरिहरपुर, रानिवास लगायतका स्थानमा सुरक्षाकर्मी तैनाथ गर्ने,माइकिङ गर्ने कार्य गरियो । अतिक्रमणकारी अलिअलि गरेर आउन थाले । बिहान १०ः३० बजे तिर हरिहरपुर पश्चिम तर्फबाट ३।४ हजारको सङ्ख्यामा मानिसहरू आए । ११ बजेसम्ममा ७।८ हजार जम्मा भएका थिए ।

अतिक्रमणकारीलाई हट्न सम्झाउँदा बुझाउँदा पनि भएन । उनीहरूले सुरक्षाकर्मीलाई ढुङ्गामुढा गर्न थाले । एक ढेड घण्टा यस्तै बित्यो । उग्रता बढ्दै गयो । प्रहरी भगाउनै पर्दछ भन्ने मानसिकता अतिक्रमणकारीमा देखियो । सुरक्षाकर्मीले सम्झाउँदा बुझाउँदा पनि अटेर गरी सुरक्षाकर्मीमाथि ढुङ्गामुढा गर्ने, पेट्रोल बम प्रहार गरेपछि आत्मरक्षाका लागि प्रहरीले लाठी चार्ज गर्ने, अश्रुग्यास छोड्ने गर्दा पनि नभएपछि बाध्य भई बल प्रयोग गरेको हो ।

२ घण्टा जति त घाइतेको उपचार गर्न पनि अप्ठेरो परेको थियो । एक जना प्रहरी अपहरणमा पनि पर्नु भयो । स्थिति नियन्त्रणमा लिन हम्मेहम्मे परेको थियो । सशस्त्र प्रहरीका एसपीलाई पनि पेट्रोल बम लागेको थियो । घाइतेहरूलाई अस्पताल पु¥याउन र स्थिति सामान्य बनाउन दिउँसो ४ बजेबाट कफ्र्यु आदेश गरेका थियौँ । बुटवलमा सर्वदलीय बैठक बसेका थियौँ । न्यूनतम् बल प्रयोग गरेर मानव अधिकार संरक्षणको नीति लिँदालिँदै पनि घटना घट्यो । ०७८ असोजको ५ गते ६÷७ सय व्यक्ति आएका थिए । त्यो बेला पनि प्रहरीमाथि ढुङ्गामुढा भएको थियो । सुरक्षाकर्मीले सम्झाइबुझाई अतिक्रमणकारीलाई हटाएको थियो ।

घटनाका चार जना घाइते अस्पतालमा उपचार्थ छन् । नेपाल प्रहरीका दुईर सशस्त्र प्रहरीका दुईजना रहेका छन् । घटनामा मृत्यु भएको चार मृतकको सनाखत भइसकेको छ । उनीहरू रुपन्देही, कपिलवस्तु, पुर्वी नवलपरासीका रहेका छन् ।

सुरक्षा समितिको बैठक बसेर मृतक परिवारलाई क्रिया खर्च बापत ५० हजार रुपियाँ दिने राहतका लागि प्रदेश र सङ्घीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेका छौँ । सो अनुसार प्रदेशले १ लाख रुपियाँ र सङ्घले५ लाखरुपियाँ दिने भनेको रहेछ ।

एसपी मनोज केसीः

निषेधित क्षेत्र घोषणा पश्चात हामीले उक्त क्षेत्रमा जग्गा अतिक्रमण हुन नदिन पेट्रोलिङ गस्ती गर्ने, टहरा छाप्रा हटाउने कार्य गर्दै आएका थियौँ । भीडले खोलाको बगरको ढुङ्गाले प्रहरीलाई हानेपछि प्रहरीले छेक्ने ढाड पनि फुट्यो । प्रहरीहरू ढल्न थाले । प्रदर्शनकारीले ढुङ्गा हान्ने, पट्रोल बम हान्न थालेपछि मात्र लाठी चार्ज, अश्रुग्यास फाल्ने गरिएको हो । प्रहरीहरू७० प्रतिशत घाइते भएको चारै तिरबाट प्रहरीलाई आक्रमण गरिएपछि आत्मरक्षाका लागि गोली चलाइएको हो । प्रदर्शनकारीले हाम्रो असईलाई पनि नियन्त्रणमा लिए । प्रदर्शनकारीले महिलालाई अगाडि सारेर जग्गा कब्जा गर्ने मनसाय राखेको पाइयो । शान्ति बिरुद्धको कसुरमा साबिर अली मुसलमानलाई नियन्त्रणमा लिएका छौँ । पछि पाँचजना व्यक्तिलाई सार्वजनिक शान्ति बिरुद्धको कसुरमा मुद्दा चलाएका थियौँ । गत भदौको ७ गते पनि २८ जनलाई दिनभर नियन्त्रणमा लिएर रातको ८ बजे छाडेका थियौँ । आन्दोलनमा भर्खरका युवाहरू बढी देखिन्थे । स्थानीयभन्दा पनि बाहिरबाट आएका ज्यादा थिए । रोल्पा, पुर्व पश्चिम नवलपरासी, पाल्पा,बागलुङसम्मबाट अतिक्रमणकारी आएका थिए । उनीहरूले १२÷१५ सय जति टहरा

बनाएका थिए । निर्दोष व्यक्तिलाई गोली लागेको होइन । अतिक्रमण गर्न आएका र प्रहरी माथी ढुङ्गामुढा गर्नमा संलग्न व्यक्ति मात्रै घटनामा परेका हुन ।

सिफारिशः

१ आन्दोलनकारीका लागिः

राज्यको सम्पत्ति गैर कानुनी रुपमा कब्जा र अतिक्रमण गर्ने कार्य बन्द गर्न र वास्तविक भुमिहिन, सुकुम्बासी भए आफ्ना जनप्रतिनिधि मार्फत भुमि अधिकारका लागि कानुनी बाटो अवलम्बन गर्न । आफ्नो अधिकारका लागि गरिने आन्दोलन शान्तिपुर्ण र मर्यादित तवरले गर्न आह्वान गर्दछौँ ।

२ प्रहरी/प्रशासनका लागिः

आफ्ना संयन्त्रहरूलाई प्रभावकारी परिचालन गर्नुपर्ने । भयावह स्थिति आउन नदिन स्थितिको पुर्व आंकलन गरी सुरक्षा चुस्तदुरुस्त बनाउनु पर्ने ।

नागरिकको बाँच्न पाउने अधिकारको सुनिश्चित गर्नुपर्ने राज्यको दायित्व भएको हुँदा प्रहरी प्रशासनले संयमताका साथ अन्तिम बिकल्पको रुपमा शक्ति प्रयोगको सिद्धान्तलाई प्रभावकारी रुपमा अवलम्बन गर्नुपर्ने ।

हिंसात्मक गतिविधि हुने संभावना रहेका स्थानहरूको पहिचान गरी राष्ट्रिय अनुसन्धान विभागले आफु मातहतका कर्मचारीहरूलाई प्रभावकारी रुपमा परिचालन गर्नुपर्ने ।

३ राजनैतिक दल/जनप्रतिनिधिका लागिः

राज्यको सम्पतिको सुरक्षा गर्ने दायित्व राजनीतिक दल र स्थानीय जनप्रतिनिधिहरूको पनि रहेको हुँदा आफ्ना जिल्लाहरूमा रहेका सार्वजनिक सम्पतिहरूको संरक्षणमा सामूहिक उत्तरदायित्व हुनुपर्ने ।

मोतिपुर औद्योगिक क्षेत्र विकाश लिमिटेडलाई औद्योगिक करिडोरबनाउने सन्दर्भमा सर्वदलीय सर्वपक्षीय सहमतिका साथ अगाडि बढ्नु पर्ने ।

४ नेपाल सरकारका लागिः

वास्तविक सुकुम्बासीहरूको पहिचान गरी उनीहरूको व्यवस्थापन गर्ने ।

सरकारी जग्गाको अतिक्रमण रोकी जग्गाको संरक्षणको उचित व्यवस्थापन मिलाउने ।

मोतिपुर औद्योगिक क्षेत्र वरिपरी (बुटवल, सुद्धोधन, तिलोत्तमा सो आसपासका क्षेत्रमा) बसोबास गरेका वास्तविक सुकुम्बासीहरूले हालसम्म पनि पुर्जा नपाउदा उनीहरू सम्पत्ती तथा आवासको अधिकार समेतबाट वञ्चित भइरहेको परिप्रेक्ष्यमा नेपाल सरकारले तत्काल उनीहरूको थातवासको व्यवस्था गर्नुपर्ने ।

घटनामा परी मृत्यु भएका मृतक परिवारलाई राहत तथा क्षतिपुर्ति र सोही घटनामा परि घाइते भएका सुरक्षाकर्मी र सर्वसाधारणको निःशुल्क उपचारको व्यवस्था गरिनु पर्ने ।

सुरक्षाकर्मी र जग्गा अतिक्रमणकारीबिचको भिडन्तको क्रममा क्षति पु¥याइएका विभिन्न व्यक्ति तथा संस्थाका सम्पतिको लगत तयार पारि त्यसको क्षतिपुर्ति प्रदान गरिनु पर्ने ।

अनुसूची :

घटनामा परी घाइते भएका प्रहरीहरूको नामावलीको विवरण ।

स.प्र.बल, नेपालतर्फबाटघाईतेभएकास.प्र.क.हरुकोविवरण

| सि।नं। | दर्जा | नामथर |
|---|---|---|
| १ | सप्रउ | राजेशउप्रेती |
| २ | सप्रह | डिलब। घर्ति |
| ३ | सप्रह | चुरामणीबस्नेत |
| ४ | सप्रह | दिपेन्द्रकेसी |
| ५ | सप्रह | खुसिरामचौधरी |
| ६ | सप्रसह | तिलब धामी |
| ७ | सप्रसह | रुद्रबहादुरखत्री |
| ८ | सप्रसह | जनकराजजोशी |
| ९ | सप्रसह | रबिन्द्रकुमारगौड |

| | | |
|---|---|---|
| १० | सप्रसह | चुमानसिंहथापा |
| ११ | सप्रज | सन्तोषबस्नेत |
| १२ | सप्रज | ईन्द्रजितचौधरी |
| १३ | सप्रज | शम्भुकार्की |
| १४ | सप्रज | मनोजरावत |
| १५ | सप्रज | बसन्तजि।सी। |
| १६ | सप्रज | लोकनाथखनाल |
| १७ | सप्रज | गणेशरावत |
| १८ | सप्रज | प्रेमवि।क। |
| १९ | सप्रज | बिमलथापा |
| २० | सप्रज | सुरजदयाल |
| २१ | सप्रज | कृष्णबहादुरथापा |

घटनाका सम्बन्धमा पत्रिकामा प्रकाशित समाचार